वर्ष ७

अङ्क १

कार्तिक, २०८१

नेपाल सरकार

# उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालय

सिंहदरबार, काठमाडौं

# बुलेटिनभित्र......

१. तथ्याङ्कमा उद्योग

२. नीति, कानून, कार्यविधि तर्जुमा/संशोधन

३. कम्पनी दर्ता र प्रशासन

४. स्टार्टअप प्रवर्द्धन

५. उद्यमशीलता विकास तालीम

६. आपूर्ति तथा उपभोक्ता संरक्षण

७. वाणिज्य क्षेत्र

८. गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (MEDPA)

९. मन्त्रालयका औद्योगिक प्रवर्द्धन सम्बन्धी विविध गतिविधिहरु

## सम्पादकीय

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले औद्योगिक विकास, लगानी र उत्पादनशील क्षेत्रका क्रियाकलाप र तिनको उपलव्धी सम्वन्धित सरोकारवाला समक्ष सम्प्रेषण गर्न त्रैमासिक रूपमा उद्यमशीलता बुलेटिन प्रकाशन गर्ने गरेको छ। उद्यमशीलता बुलेटिनको यो अंकमा औद्योगिक विकास तथा लगानी प्रवर्द्धनका लागि मन्त्रालय र मातहत निकायबाट चालु आर्थिक वर्ष २०८१।०८२ को प्रथम त्रैमासिकमा सम्पादन भएका कार्यहरू र प्रमुख उपलव्धीहरु समेटिएका छन्।

चालु आर्थिक वर्षको असोज मसान्तसम्म मन्त्रालयले विविध नीतिगत र कार्यक्रमगत प्रयास मार्फत औद्योगिक वातावरण सुधार तथा उद्योग व्यवसायलाई सहजीकरण सम्बन्धी कार्य गरेको छ। उद्योग र लगानी प्रवर्द्धनको लागि सकारात्मक योगदानको वातावरण तयार गर्न आवश्यक कानूनी तथा नीतिगत व्यवस्थाका लागि अध्ययन कार्यहरु प्रारम्भ भएको छ।

आर्थिक विकासको राष्ट्रिय लक्ष्य प्राप्तिका लागि औद्योगिक क्षेत्रमा लगानी बढाई उत्पादन अभिवृद्धिमा जोड दिनुपर्छ। यसको लागि औद्योगिक वातावरण लगानीमैत्री बनाउन नीतिगत पृष्ठपोषणका लागि सम्बन्धित सरोकारवाला सबैमा हार्दिक अनुरोध छ।

-सम्पादक मण्डल

## १. तथ्याङ्कमा उद्योग

### १.१ उद्योग दर्ता

चालु आर्थिक वर्षको पहिलो त्रैमासिक अवधिमा उद्योग विभागमा जम्मा १९९ वटा उद्योग दर्ता भएका छन्। दर्ता भएका उद्योगहरुमा रु. ३३ अर्व ६९ करोड लगानी र ९६६८ रोजगारी प्रस्ताव भएको छ। दर्ता भएका जम्मा उद्योग मध्ये ठुला उद्योगको संख्याः ११, मझौला उद्योगको संख्याः १० र साना उद्योगको संख्याः १७८ रहेको छ।




**स्रोतः उद्योग विभाग**

### १.२ विदेशी लगानीः

चालु आ.व. को पहिलो त्रैमासिक अवधिमा उद्योग विभागबाट १३१ वटा विदेशी लगानीका आयोजना/उद्योगहरु स्वीकृत भएका छन्। सो मध्ये स्वचालित मार्गबाट विदेशी लगानी स्वीकृत भएका उद्योगहरुको सङ्ख्या ७३ रहेको छ। उद्योगहरुमा कुल रु. १६ अर्व ५५ करोड विदेशी लगानी र ३,८४५ रोजगारी सिर्जना हुने प्रस्ताव गरिएको छ।

### १.३ प्याटेन्ट, डिजाईन र ट्रेडमार्कः

चालु आर्थिक वर्षको पहिलो त्रैमासिक अवधिमा उद्योग विभागमा विभिन्न वस्तु तथा सेवाका १,१७७ वटा ट्रेडमार्क दर्ता भएका छन्। सोहि अवधिमा २८ वटा ट्रेडमार्क सम्बन्धी मुद्दाको कारवाही टुङ्गो/किनारा लगाईएको छ। ट्रेडमार्क दर्ता पूर्ण रुपमा अनलाईन प्रणालीबाट गर्न Trademark, Patent, Design Registration Management Information System (TPDRMIS) कार्यान्वयमा ल्याइएको छ।

## २. नीति, कानून, कार्यविधि तर्जुमा/संशोधनः

स्टार्टअप उद्यम कर्जा सञ्चालन कार्यविधि, २०८१ मन्त्रिपरिषद्बाट स्वीकृत भई कार्यान्वयनमा आएको छ। लघु, घरेलु तथा साना उद्योग राष्ट्रिय नीति, २०८१, सार्वजनिक निकायमा स्वदेशी वस्तु प्रयोग सम्बन्धी निर्देशिका, २०८१, औद्योगिक तथा लगानी प्रवर्द्धन कोष, कार्यविधि, २०८१ स्वीकृतिको लागि मन्त्रिपरिषद्मा पेश भएको छ।

औद्योगिक सम्पत्ति विधेयक, स्टार्टअप उद्यम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१, उद्यम सम्वर्द्धन केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१, औद्योगिक व्यवसाय नियमावली (प्रथम संशोधन) २०८१ को मस्यौदा तर्जुमा भई राय/सहमती लिने चरणमा रहेको छ।

व्यावसायिक सामाजिक जिम्मेवारी कार्यान्वयन कार्यविधि, २०८१ को मस्यौदा तर्जुमा गरिएको छ। वस्तु वा सेवाको उत्पादन गर्न एक आपसमा करार (कन्ट्र्याक्ट) वा उपकरार (सबकन्ट्र्याक्ट) सम्बन्धी मापदण्ड, २०८१ र कच्चापदार्थ खपत नर्म्स निर्धारण तथा पुनरावलोकन सम्बन्धी मापदण्ड, २०८१ कार्यान्वयनमा ल्याइएको छ। उद्योग विभागले Nepal Investment Portal निर्माणको कार्य अगाडि बढाएको छ।

## ३. कम्पनी दर्ता र प्रशासन

चालु आर्थिक वर्षको पहिलो त्रैमासिक अवधिमा कम्पनी रजिष्ट्रारको कार्यालयमा जम्मा ३७५४ वटा कम्पनी दर्ता भएका छन्। चालु आर्थिक वर्षको पहिलो त्रैमासिक अवधिमा २४ करोड १७ लाख रुपैंया राजस्व संकलन भएको छ।

## ४. स्टार्टअप प्रवर्द्धन

### ४.१ स्टार्टअप नेसन २०३० सम्मेलन

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, नेपाल उद्योग वाणिज्य महासंघ, त्रिभुवन विश्वविद्यालय, ICIMOD र PUM नेदरल्यान्डस्सँग सहकार्यमा २०८१ भाद्र ५ गते "स्टार्टअप नेसन २०३०" सम्मेलन सम्पन्न भएको छ। उक्त सम्मेलनको उद्घाटन सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीज्यूबाट भएको थियो । उक्त

सम्मेलनमा उपप्रधान तथा अर्थमन्त्री मा. विष्णु पौडेलज्यू र श्रम तथा रोजगार मन्त्री मा. सरद सिंह भण्डारीज्यूको उपस्थिति रहेको थियो । सम्मेलनको अध्यक्षता उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री मा. दामोदर भण्डारीज्यूले गर्नुभएको थियो ।




स्टार्टअप नेसन २०३० सम्मेलन उद्घाटन समारोह

### ४.२ उद्यम सम्वर्द्धन केन्द्र (Business Incubation Centre)

नवीनतम तथा सिर्जनशील सोचको आधारमा उद्यम गर्न चाहने नवउद्यमी एवं गति प्रदायकलाई उद्यम विकासका लागि आवश्यक पर्ने प्रशिक्षण, परामर्श एवं उद्यमशीलता पर्यावरणसँग सम्बन्धित सेवा उपलब्ध गराउन औद्योगिक व्यवसाय विकास प्रतिष्ठानले त्रिपुरेश्वरमा उद्यम सम्वर्द्धन केन्द्र स्थापना गरेको छ । केन्द्रले दिने सेवाहरूमा मुख्य गरी अध्ययन अनुसन्धानको लागि कार्यालय वा स्थान, आवश्यक विद्युतीय सामग्रीहरू जस्तै ल्यापटप, प्रिन्टर, फोटोकपी, इन्टरनेट सेवा, विज्ञको सल्लाह, सम्बन्धित क्षेत्रमा नेटवर्किङ अवसरहरू, वित्तीय स्रोतमा पहुँच, उद्यमशीलता तथा व्यवसाय व्यवस्थापनसम्बन्धी विभिन्न तालिम, गोष्ठी, अनुसन्धान भ्रमण अध्ययन आदि सेवाहरू र समुदायमा एक सहज र समर्थनयुक्त वातावरणको निर्माण आदि हुन् । देशको कुनै पनि क्षेत्रमा बसोबास गर्ने नेपाली युवाहरूले कार्यक्रमका भाग लिन पाउने सुविधासहित प्रतिष्ठानले आ.व. २०८१/८२ देखि प्रतिष्ठान परिसरमा यो कार्यक्रम सुरु गरेको हो ।




### ४.३ स्टार्टअप उद्यम कर्जा प्रवाह कार्यक्रम २०८१

नेपाल सरकारको यस सहुलियत कर्जा प्रदान गर्न औद्योगिक व्यवसाय विकास प्रतिष्ठान र राष्ट्रिय वाणिज्य बैङ्कबीच २०८१ भाद्र १७ गते समझदारीपत्रमा हस्ताक्षर भएको छ । स्टार्टअप उद्यम कर्जा कार्यक्रमअन्तर्गत कर्जा प्रवाह गर्दा उद्यमीको परियोजनालाई नै धितोको रूपमा राखेछ । प्रत्येक स्टार्टअप कर्जाको सुरक्षण पनि निक्षेप तथा कर्जा सुरक्षण कोषमा राखे व्यवस्था छ ।



**समझदारीपत्रमा हस्ताक्षर कार्यक्रम**

## ५. उद्यमशीलता विकास तालीमः

लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्रले चालु आर्थिक वर्षको पहिलो त्रैमासिक अवधिमा देशका विभिन्न स्थानहरुमा सीप विकास सम्बन्धी तालिमहरु सञ्चालन गरेको छ। केन्द्रबाट यस अवधिमा २० जनालाई सीप विकास सम्बन्धी तालिम प्रदान गरिएको छ।

## ६. आपूर्ति तथा उपभोक्ता संरक्षण

नेपाल अमेरिका टिफा काउन्सिलको सातौं बैठक सम्पन्न भई द्विपक्षीय लगानी तथा व्यापारका विविध विषयमा छलफल सम्पन्न भएको छ।

उपभोक्ता अदालत गठनको लागि न्याय सेवा परिषद्‌बाट अदालतको अध्यक्ष तथा न्याय सेवा आयोगबाट अदालतको सदस्य सिफारिस भई कानून मन्त्रालयमार्फत स्वीकृतिका लागि पेश भएको छ।

## ७. वाणिज्य क्षेत्र

नेपालको तेस्रो व्यापार नीति पुनरावलोकन, २०२५ को तयारीका क्रममा मिति २०८१ असोज १५-१८ सम्म सरोकारवाला निकायहरूसँग विस्तृत छलफल तथा अन्तर्क्रिया सम्पन्न भई Secretariate country report तयारीको क्रममा रहेको। भारतको नयाँ दिल्लीमा BIMSTEC Business Summit मा मा. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रीज्यूले नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै सहभागी हुनु भएको छ।

मा. मन्त्रीज्यूको अध्यक्षतामा राष्ट्रिय व्यापार सहजीकरण समितिको मिति २०८१।०६।२१ गते बैठक बसी व्यापार सहजीकरण सम्बन्धी विभिन्न निर्णय गरिएको छ। राष्ट्रिय निर्देशक समितिको बैठकबाट नेपाल एकीकृत व्यापार रणनीति अन्तर्गतका क्रियाकलापहरू सञ्चालन गर्न सरोकारवाला निकायहरूलाई आवश्यक बजेट बाँडफाँट सम्पन्न भएको छ। वाणिज्य नीति, २०८१ को स्वीकृतिको लागि मन्त्रिपरिषद्‌मा पेश भएको छ।

## ८. गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (MEDPA)

स्थानीयस्तरमा नै रोजगारी सिर्जना गर्ने उद्देश्यका साथ स्थानीय तह मार्फत गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) सञ्चालनमा रहेको छ । गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) को सहजीकरणका लागि ८ जिल्लाका १२ वटा स्थानीय तहमा अनुगमन गरिएको।

## ९. मन्त्रालयका औद्योगिक प्रवर्द्धन सम्बन्धी विविध गतिविधिहरुः

### ९.१ विषयगत समितिको बैठकः

मन्त्रीज्यूको अध्यक्षतामा संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध। ऐन, २०७७ को दफा २२ बमोजिमको विषयगत समिति तथा उद्योग सचिवज्यूको संयोजकत्वमा प्रदेश विषयगत मन्त्रालयका सचिवसँग बैठक मिति २०८१।०५।१४ मा

सम्पन्न भयो। उक्त बैठकमा संघ, प्रदेश र स्थानीय तहका उद्योग, वाणिज्य तथा आपूर्ति सम्बन्धी विषयका समस्याका बारेमा छलफल गरी देहायबमोजिमका निर्णयहरु भएका छन्:

संविधानको धारा २३६ को व्यवस्थाको अनुरूप तिनै तहका सरकारले व्यापार/व्यवसाय सञ्चालन, प्रबर्धन, विकास र विस्तारका लागि समन्वय र समन्वयात्मक रुपमा कार्य गर्ने,

सार्वजनिक निकायमा स्वदेशी वस्तुको उपयोग र प्रबर्धन गर्न खरिद कानूनमा समयानुकूल संशोधनका लागि सम्बन्धित निकायमा अनुरोध गर्ने,

त्रैमासिक रुपमा मन्त्रालय स्तरीय विकास समस्या समाधान समितिको बैठक हुनु अगावै प्रदेश सरकारका सम्बन्धित क्षेत्रहेर्ने सचिवहरुसँग समन्वय बैठक गर्ने,

नेपाल सरकार उद्योग विभागमा दर्ता भएका वैदेशिक लगानी बाहेकका मझौला र साना उद्योगका अभिलेखहरु सम्बन्धित उद्योगीको मागका आधारमा प्रदेश सरकारको सम्बन्धित निकायमा हस्तान्तरण गर्ने,

प्रदेश तथा स्थानीय सरकारका उद्योग तथा वाणिज्य क्षेत्रमा काम गर्ने कर्मचारीहरुको क्षमता विकासका लागि तालिम तथा ज्ञान हस्तान्तरण कार्यक्रम उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र मातहत विभागबाट सञ्चालन गर्ने,

घोषणा भएका औद्योगिक ग्रामको पूर्वाधार निर्माणमा तीव्रता दिई सिघ्र सञ्चालनमा ल्याउने व्यवस्था मिलाउन स्थानीय सरकारलाई अनुरोध गर्ने, औद्योगिक ग्रामको जग्गा सम्बन्धी समस्या प्रचलित कानूनको अधिनमा रही तत्काल समाधान गर्न प्रदेश सरकारको वन सम्बन्धी विषय हेर्ने मन्त्रालय र कार्यालयलाई अनुरोध गर्ने,

प्रदेश तथा स्थानीय तहमा व्यवसाय दर्ता गर्दा दोहोरो शुल्क र लामो प्रक्रिया लाग्ने गरेको भन्ने गुनासोलाई सम्बोधन गर्न एक स्थानीय तह वा प्रदेशमा दर्ता भईसकेका व्यवसायलाई अन्य तहमा दर्ता गर्दा शुल्क नलाग्ने गरी कानूनी व्यवस्था मिलाउन सबै प्रदेश सरकार र स्थानीय सरकारलाई अनुरोध गर्ने,

विषयगत समितिको सचिवालयको सचिव औद्योगिक तथा लगानी प्रवर्द्धन महाशाखा प्रमुखलाई तोक्ने,

उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्रमा नीति, कानुन तथा कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्दा नेपालको संविधान, प्रचलित संघीय कानुन एवम् नेपाल सरकारका क्षेत्रगत नीति एवम् आवधिक र वार्षिक योजना अनुरुप प्रदेश तथा स्थानीय सरकारले समेत समन्वयात्मक रुपमा कार्यान्वयन गर्ने,

बजार अनुगमनलाई समन्वयात्मक रुपमा अघि बढाई कालोबजारी, कृत्रिम अभाव र

अस्वभाविक मूल्य लिने प्रवृतिलाई नियन्त्रण गर्ने,

स्टार्टअप कार्यक्रम र उद्यम सम्वर्द्धन केन्द्रको सञ्चालनमा प्रदेश सरकार र स्थानीय सरकारको समन्वय र सहयोगका लागि अनुरोध गर्ने,

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय मातहत र अन्यत्र निकायबाट सञ्चालन गरिने प्रविधि हस्तान्तरण र सीप विकासका कार्यक्रममा दोहोरो नपर्ने गरी समन्वयात्मक हिसाबले कार्यान्वयन गर्ने,

आफ्नो प्रदेश भित्र सम्भावना भएका उद्योगहरुको अध्ययनगरी यस प्रकारका उद्योगहरुको प्रवर्द्धन गर्न सहकार्य अघि बढाउने आवश्यक तयारी गर्न प्रदेश सरकारलाई अनुरोध गर्ने।

## ९.२ प्रदेश उद्योग सचिव बैठकः

नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको आयोजनामा औद्योगिक विकास तथा लगानी प्रवर्द्धनका लागि संघ र प्रदेशका चालु आ.व. २०८१।०८२ को औद्योगिक विकास तथा लगानी प्रवर्द्धन सम्बन्धी कार्यक्रम, संघ र प्रदेश बीच समन्वयका विषय, संघ र प्रदेश बीच सहकार्य र साझेदारीमा कार्यान्वयन गर्नु पर्ने कार्यक्रम लगायत नीतिगत, कानूनी एवं कार्यविधिमा गर्नुपर्ने सुधारका विषयहरुलाई समेटी प्रदेश उद्योग हेर्ने मन्त्रालयका सचिवहरुसँग मिति २०८१।०५।१४ गते उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव श्री कृष्ण बहादुर राउतको अध्यक्षतामा समन्वय बैठक मन्त्रालयमा सम्पन्न भयो। उक्त बैठकमा मन्त्रालयका महाशाखा प्रमुख तथा विभागीय प्रमुखहरुले मन्त्रालय तथा विभागहरुले प्रदेश मन्त्रालयसँग समन्वय र सहकार्य गर्नु पर्ने विषय तथा कार्यक्रमहरु प्रस्तुत गर्नु भएको थियो।

प्रदेश सचिवहरुले नीति, कानून तथा कार्यविधिमा सामञ्जस्यता कायम गर्नु पर्ने, उद्यम सम्वर्द्धन केन्द्र लगायत प्रदेशमा गएका नयाँ कार्यक्रममा संघले सहयोग गर्नु पर्ने, कर्मचारीको क्षमता विकासमा सहयोग गर्नु पर्ने, एकिकृत डाटावेश तयार गरी लागू गर्नु पर्ने लगायतका विषयहरु उठान गर्नु भएको थियो। बैठकको अध्यक्षता गर्नु भएका मन्त्रालयका सचिवज्यूले प्रदेश सचिवहरुले उठाएका विषयहरुलाई मन्त्रालयले यथोचितरुपमा सम्बोधन गर्ने प्रतिवद्धता व्यक्त गर्नु भएको थियो।

**<u>सम्पादक मण्डल</u>**

- सहसचिव, श्री जितेन्द्र बस्नेत, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
- कार्यक्रम निर्देशक, श्री गोकुल खड्का, राष्ट्रिय योजना आयोग
- उपसचिव, श्री शेखर पौडेल, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
- उपसचिव (लेखा), श्री रुद्र बहादुर कार्की, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
- शाखा अधिकृत, श्री राजन पराजुली, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय